# चितवन जिल्लामा महिला विकास कार्यक्रम

महिला विकासको अभियान आ.व. २०३९/४० मा थालिएको थियो। यस जिल्लामा आ.व. ०४९/५० देखि सञ्चालनमा रहेको महिला विकास कार्यक्रमले मङ्गलपुर गाविसबाट शूरु भएकोमा हाल जिल्लाको सबै नगरपालिका र गाविस समेटेको छ। व्यक्तित्व विकासका नियमित अवसर गुमाएका विपन्न महिलाको बहुआयामिक सशक्तीकरणका लागि वैकल्पिक अवसर सिर्जना गर्नमा कार्यक्रमका आर्थिक सामाजिक विधिहरु प्रभावकारी देखिएका छन्। महिला तथा बालबालिका कार्यालयले विशेषत लक्षियत विपन्न महिलाको सशक्तीकरणका लागि समुदाय तहमै प्रतक्ष्य सामाजिक परिचालन, विकेन्द्रित विकास प्रक्रियामा लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरणमा सहजीकरण र बालबालिकाका साथै जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् गैर सरकारी संघ सस्थाहरुका लागि सर्म्पक सेवाको भूमिका निर्वाह गर्दै आएको छ।

नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला विकास विभाग अन्तर्गतको महिला तथा बालबालिका कार्यालय चितवन लैंङ्गिक मूलप्रवाहीकरण र महिलाहरुको सशक्तीकरणको अभियानमा निरन्तर प्रयत्नशील रही आएको छ। महिला विकास कार्यक्रम अन्तर्गत लक्षियत महिलाको वैयक्तिक, आर्थिक, सामाजिक सशक्तीकरणमा छेकवारजन्य चलनको अवज्ञा, व्यवहारिक लैङ्गिक आवश्यकताको सम्बोधन, पारिवारीक एवम् सामुदायिक सकारात्मक कार्यमा जोड दिइएको छ। महिलाहरुमा प्रजनन स्वास्थ्यको प्राथमिक ज्ञान, समस्या बताउने अनि उपचार गराउने तत्परता, पारिवारीक असवेंदनशिलताको अवस्थामा छिमेकी सवेंदनशिलतालाई जोडदिदै आफूलाई व्यक्त गर्ने, अरुको कुराको परख गर्ने, निर्णय लिने आत्मविश्वास, वर्षैभरी खानपुग्ने आयस्रोत, भैपरी आए दुई महिनासम्मको पारिवारीक निर्वाह खर्च धान्न सक्ने बचत, विद्यालय तहसम्मको शैक्षिक खर्च वेहोर्न सक्ने हैसियत र बाहिरी सञ्चार, आवश्यकता अनुसार नेतृत्व वा अनुयायित्व बहन गर्ने सक्रियता सहितको सामुदायिक सङ्गठनको विकासबाट नै महिला सशक्तीकरणको न्यूनतम स्तर हासिल गर्ने खालका कार्यक्रममा जोड दिइएको छ।

विपन्न महिलालाई व्यवसायी बनाउने उत्साहका साथ उनीहरुकै मागका आधारमा मूख्य आयस्रोतको पहिचान, विश्लेषणमा जोड दिई स्थानीय स्तरमा प्रवर्धन गरिएका महिला सहकारी सस्थाहरु मार्फत वडा-वडामा व्यवसायिक वस्तीविकास, विषयगत निकायहरुको प्राविधिक सेवाटेवाको उपलव्धता एवम् साझेदारीतामा जोड दिई आर्थिक सशक्तीकरणका क्रियाकलाप सञ्चालन र बजारीकरणसम्म महिलाको पहुँच अभिवृद्धि गर्दै महिला तथा बालबालिका बिरुद्ध हुने यौनजन्य दुर्व्यवहार एवम् लैङ्गिक हिंसालाई निरुत्साहित गर्न र पीडितलाई तुरुन्तै न्याय दिलाउन जिल्लामा द्रुत न्याय सेवा उपलव्ध गराउन आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्दै आएको छ।

मानव बेचविखन, घरेलु र अन्य हिंसाबाट पीडित एवम् घरबारबिहीन र आर्थिक रुपले बिपन्न महिला, किशोरी तथा बालबालिकाहरूलाई सुरक्षा प्रदान गर्न र आत्मनिर्भर बनाउन जिल्लाका साझेदार निकाय एवम् महिला अधिकारवादी संघसस्थाहरूको साझेदारीतामा आधारित कार्यक्रममा जोड दिइएको छ।

आर्थिक, सामाजिक, न्यायिक एवम् राजनीतिक सशक्तीकरणको प्रकृयावाट अति विपन्न महिलाहरुलाई सशक्तिकरण, लैङ्गिक मूलप्रवाहिकरण र सामाजिक समावेसीकरणद्धारा समतामा आधारित समुन्नत समुदाय स्थापनाको परिकल्पनालाई साकार वनाउने दिशामा अभिप्रेरित महिला विकास कार्यक्रमले टोल-टोलमा समूह, वडा-वडामा समिति र गाँउ-गाँउमा संस्था गठन गरी सङ्घीकरणको जगलाई आर्थिक तथा सामाजिक रुपले बलियो बनाउने अभियानअनुरुप हालसम्म ३८०८ वटा समूहबाटै २९७ वटा समिति र ३२ वटा (६ वटा तदर्थ संस्था) संस्थाहरु गठन गरिएका छन् । कार्यक्रममा गोलबन्द लक्ष्यित समूहलाई कानुनी हैसियत समेत दिलाई दिगो संस्थागत विकास गर्न र आर्थिक क्रियाकलाप सञ्चालन गर्न सक्ने तुल्याउन सहकारी ऐन २०४८ अन्तर्गत दर्ता गरी कार्य सञ्चालन गर्न प्रोत्साहन दिने गरिएको छ ।

विपन्न महिलाहरु नै मिलेर आफू र आफूजस्ता धेरै दिदीवैनीहरु सङ्गठित भै आफ्नो दैनिक भैपरी आउने गर्जो टार्न र साना तिना उद्यम व्यवसाय सञ्चालन गर्नका लागि कार्यक्रम सुरुवातको अवस्था देखि नै समूह, समिति हुदै संस्थामा बचत सङ्कलन र परिचालनको कार्य जारी छ । विपन्न महिलाहरुमा नियमित बचत गर्ने बानीको विकासले अरुको भर नपरी आफ्नै बचतबाट दैनिक व्यवहार चलाउन र सानातिना ग्रामीण व्यवसाय सञ्चालन गर्न आवश्यक पुँजीको जोहो भएको छ । थौरै र नियमित बचत सङ्कलनबाट हाल जिल्लामा महिला विकास कार्यक्रम अन्तर्गत प्रवर्धित महिला समूह, समिति र संस्थाको कूल बचत रु.१६,४६,२६,१९८। पुगेको छ । बचत सङ्कलनमा मात्र सिमित नभै परिचालनलाई त्यतिकै जोड दिइएको छ । कूल बचत मध्ये रु. २०,३१,६३,७८५। परिचालनमा रहनुले पनि सदस्यहरुको गर्जो टार्न र सानातिना लघु उद्यम सञ्चालन गर्न सहयोग पुगेको पाइन्छ ।

## महिला तथा बालबालिका कार्यालय चितवनबाट सम्पादन भएका मूख्य-मूख्य कार्यक्रमहरु :

- नियमित महिला विकास कार्यक्रम जिल्लास्तर)
- महिला सशक्तिकरण कार्यक्रम (केन्द्रस्तर)
- जेष्ठ नागरिक सेवा कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम
- लैङ्गिक हिंसा निवारणको लागि महिला संस्थाहरुको एकिकृत विकास कार्यक्रम
- लैङ्गिक हिंसा निवारण कोष परिचालन
- मानव वेचविखन तथा ओसारपसारमा परेका महिला तथा वालवालिकाहरुलाई उद्धार गर्न पुर्नस्थापना केन्द्र सञ्चालन
- बालकल्याण कार्यक्रम
- विभिन्न संघ, संस्थाहरुलाई पुजींगत अनुदान कार्यक्रम